# बुटवल उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पशुपंक्षी विकास शाखा
बुटवल, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन नं. ०७१-५४०११२, ५४००३१
फ्याक्स: ०७१-५४१२८३
ई-मेल: info@butwalmun.gov.np


प.स. २०७८।०७९
च.न.

**मागमा आधारित अनुदान कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

**प्रकाशित मिति : २०७८/०५/११**

बुटवल उप-महानगरपालिका पशुपंक्षी विकास शाखा तर्फको चालु आ. व. ०७८/०७९ का लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रम अन्तर्गत तपसिलको कार्यक्रम सञ्चालनको लागि ईच्छुक व्यवसायिक कृषि/पशुपंक्षी फर्म तथा उद्यमीहरुले मिति २०७८/०५/२५ गते भित्र तपसिलमा तोकिएका कागजातहरु संलग्न गरी बुटवल उप-महानगरपालिका पशुपंक्षी विकास शाखामा निवेदन सहित व्यवसायिक योजना पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ । निवेदन तथा व्यवसायिक योजनाको ढाँचा कार्यालयको वेबसाइट www.butwalmun.gov.np र वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

**तपसिल :**

| सि. नं. | कार्यक्रम | प्रति इकाई अनुदान रकम | अनुदानग्राहीको साझेदारी अंश | गर्नुपर्ने कामहरु (कुनै वा सबै) | योग्य आवेदक |
|---|---|---|---|---|---|
| १. | मासु पसल सुधार/निर्माण अनुदान | योजनाको कूल लागतको ५०% मा नबढाई अधिकतम रु. ५०,०००।- सम्म | कुल लगानीको न्युनतम ५०% | मासु पसल निर्माण तथा सुधार (सिसा, टायल, मार्वल लगाउने, डि फ्रिजको व्यवस्था तथा मासु काट्ने भाँडा स्टीलेसन आदी ।) | माछा/मासु व्यवसायी |
| २. | बाख्रा तथा कुखुराको लागि खोर सुधार/निर्माण अनुदान | योजनाको कूल लागतको ५०% मा नबढाई अधिकतम रु. ५०,०००।- सम्म | कुल लगानीको न्युनतम ५०% | खोर निर्माण तथा सुधार, कम्पाउण्ड निर्माण, दाना स्टोर घर निर्माण आदी । | व्यवसायीक कृषक/फर्म (बाख्राको हकमा न्युनतम २० वटा पालेको, लोकल कुखुरा तथा हाँसको हकमा न्युनतम २०० वटा पालन गरेको) |
| ३. | गाई/भैंसीको लागि गोठ तथा भकारो सुधार/निर्माण अनुदान | योजनाको कूल लागतको ५०% मा नबढाई अधिकतम रु. ५०,०००।- सम्म | कुल लगानीको न्युनतम ५०% | गोठ/भकारो, दाना स्टोर घर निर्माण तथा सुधार, काउम्याट खरिद आदी । | व्यवसायीक कृषक/फर्म (गाई/भैंसी न्युनतम ५ वटा पालन गरेको) |
| ४. | कालिज तथा बट्टाई पालनको लागि अनुदान | कालिजको हकमा योजनाको कूल लागतको ५०% मा नबढाई अधिकतम रु. २००,०००।- सम्म र बट्टाईको हकमा कूल लागतको ५०% मा नबढाई अधिकतम रु. २५,०००।- सम्म | कुल लगानीको न्युनतम ५०% | खोर निर्माण तथा सुधार कम्पाउण्ड निर्माण, ईन्कुबेटर मेसिन खरिद आदी । | व्यवसायीक कृषक/फर्म (कालिजको हकम न्युनतम २०० वटा र बट्टाईको हकमा न्युनतम ३०० वटा पालन गरेको) |
| ५. | माछा पालन कृषकहरुको लागि अनुदान | योजनाको कूल लागतको ५०% मा नबढाई अधिकतम रु. २५,०००।- सम्म | कुल लगानीको न्युनतम ५०% | माछापालनको लागि पोखरी निर्माण तथा सुधार, पम्पसेट खरिद आदी । | व्यवसायीक कृषक/फर्म (न्युनतम ३००० sqf water area भएको) |

**संलग्न गर्नुपर्ने कागजातहरु :**

१. तोकिएको ढाँचामा निवेदन र व्यवसायिक योजना ।
२. बुटवल उप-महानगरपालिकामा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
३. निजी फार्म तथा उद्यमीहरुको भ्याट/पान दर्ता र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
५. कार्यक्रम संचालन गर्ने स्थानको जग्गाको लालपुर्जा वा सार्वजनिक वा निजी जग्गा भाडामा लिई व्यवसाय गर्नेको हकमा कम्तिमा तीन वर्षको लागि करार गरिएको सम्झौता पत्रको प्रतिलिपि ।

२०७८/५/११
**शिवि प्रसाद रेग्मी**
**प्रमुख प्रशासकीय अधिकृत**
**(रा.प. प्रथम श्रेणी)**

**थप जानकारीको लागि पशुपंक्षी विकास शाखा ९८४७११८१९० र पशु सेवा केन्द्र, सेमलार ९८६६९४९२९२ मा सम्पर्क गर्न सकिने छ ।**

Scanned with CamScanner

## अनुसुचि ४
## मागमा आधारित अनुदान कार्यक्रमका लागि निवेदन तथा प्रस्ताव पत्रको ढाँचा

मिति :

श्री बुटवल उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
बुटवल, रुपन्देही ।

**विषय :मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रमकमा सहभागी हुन प्रस्ताव पेश गरेको वारे ।**

प्रस्तुत विषयमा तहाँ नगरपालिका बाट मिति २०७८/ मा प्रकाशित सुचना अनुसार मागमा आधारित अनुदान कार्यक्रममा सहभागि हुन योग्यता पुगेकोले ................................वर्गिकरणको ......................................................मुल्य श्रृखला अन्तर्गत त्यस कार्यालयले उल्लेख गरेको लगानी साझेदारी तथा शर्तहरुको अधिनमा रहि व्यवसायिक पशुपंक्षी तथा मत्स्य कार्यक्रम संचालन गर्न निम्न बमोजिमका कागजातहरु यसै पत्रसाथ संलग्न गरि पेश गरेको छु/छौं ।

**संलग्न कागजातहरु:**

१. व्यवसायिक कार्यक्रम पशुपंक्षी तथा मत्स्य सम्बन्धि समुह/सहकारी भएमा वैठकको निर्णयको प्रतिलिपी ।

२. संस्था दर्ताको प्रमाणपत्र/लेखा परिक्षण प्रतिवेदन/कर चुक्ताको प्रमाणपत्र/भ्याट/पान दर्ताको प्रमाणपत्रको प्रतिलिपी १/१ थान ।

३. प्रस्तावकको नागरिकताको प्रतिलिपी १ थान ।

४. बुटवल उप महानगरपालिकामा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी १ थान ।

५. जग्गाको लालपुर्जा/भाडा सम्झौता पत्रको प्रतिलिपी १ थान ।

६. निर्माण गरिने पूर्वाधारको सामान्य डिजाइन तथा स्टीमेट ।

नाम : ................................
दस्तखत : ............................
ठेगाना : .............................
पद : ..................................
संस्थाको नाम : .......................
सम्पर्क नं. ...........................
संस्थाको छाप :

Scanned with CamScanner

# संक्षिप्त व्यवसायिक कार्ययोजना

कृषक/फार्म/सहकारीको नाम थर :

ठेगाना :

गर्न खोजेको तथा गरिरहेको व्यवसाय :

स्थान :

माग गरिएको अनुदान रकम :

व्यवसाय सुदृढिकरणको लागि गरिने कार्यहरु :

१)

२)

३)

व्यवसाय बाट उत्पादन हुने वस्तुको बजार :

व्यवसायबाट उपेक्षित आम्दानी :

नाम, थर :

ठेगाना :

दस्तखत :

सम्पर्क नं. :

मिति :

Scanned with CamScanner